ऐरावती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बरौला,प्युठान

लुम्बिनी प्रदेश,नेपाल

प.सं.२०८२/०८३

च.नं.

मिति:२०८३/०३/३२

आ.व.२०८२/०८३ को सम्पत्ती विवरण पेश गर्ने सम्बन्धमा ।

(सूचना नं:८०/२०८२/८३)

भ्रष्टाचार निवारण ऐन २०५९ को **दफा ५०** को उपदफा (१), अख्तियार दुरपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३१ (क) को उपादफा (१) तथा निजामति सेवा नियमावली २०५० को नियम ११८ (१) मा व्यवस्था भए बमोजिम यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी (निजामति, स्थायी, करार, ज्यालादारी) तथा सार्वजनिक पदधारणा गरेको पदाधिकारी (जनप्रतिनिधि) हरुको आ.व. २०८२/०८३ को सम्पत्ति विवरण आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र अनलाईन ईन्ट्री गरि विभिन्न निकायहरुमा पठाउनुपर्ने भएकाले सम्बन्धित सबैले आ-आफ्नो सम्पत्ति विवरण फारम भरी **अनिवार्य रुपमा ४*९ ईन्चको** सिलबन्दी खाममा राखि २०८३ साल भाद्र २० गते भित्र यस कार्यालयको सूचना प्रविधि शाखामा उपलब्ध गराईदिनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**थप जानकारी**:-

**क**) ऐरावती गाउँपालिकाका जनप्रतिनिधि, स्थानीय सरकारी सेवामा सिफारिस भई नियुक्ति भएका कर्मचारी, ऐरावती गाउँपालिका अन्तर्गत विभिन्न शाखा, निकाय एवं वडा कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुले ऐरावती गाउँपालिकाको, सूचना प्रबिधि शाखामा दर्ता गराउने ।

**ख**) संघीय निजामती सेवावाट स्थानीय तहमा कामकाजको लागि खटिइ आएका कर्मचारी र स्थानीय तहमा समायोजन भई आएका कर्मचारीहरुले व्यक्ति स्वयंले पठाउन नसक्ने भएमा एकमुष्ठ पठाउनका लागि आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिन भित्र ऐरावती गाउँपालिकाको सूचना प्रबिधि शाखामा सम्पत्ति विवरण बुझाउने ।

**ग**)ऐरावती गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा ऐरावती गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा दर्ता गराई सूचना प्रबिधि शाखामा उपलब्ध गराउने ।

**साथै सम्पति विवरण बुझाउँदा सिलबन्दी खामको बाहिर पट्टी देहाय बमोजिमको विवरण खुल्ने गरि उल्लेख गर्नुहुन अनुरोध छ ।**

| क्र.सं. | विवरण | क्र.सं. | विवरण |
|---|---|---|---|
| १ | कर्मचारीको संकेत नं.(भएमा) | ५ | श्रेणी/तह |
| २ | नाम,थर | ६ | कार्यरत कार्यालय |
| ३ | पद/दर्जा | ७ | मोवाईल नं. |
| ४ | सेवा/समुह | ८ | ईमेल ठेगाना |

बोधार्थ

श्री सूचना प्रविधि शाखा,ऐरावती गाउँपालिका।(वेवसाईट र फेसबुक पेजमा अपलोड गर्नुहुन ।)

श्री वडा कार्यालय सबै,ऐरावती गाउँपालिका।(वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई जानकारी गराउनुहुन ।)

श्री शिक्षा युवा तथा खेलकुद शाखा, ऐरावती गाउँपालिका ।(सम्पुर्ण विद्यालयमा जानकारी गराउनुहुन)।

सरद गौतम

प्रमुख प्रशासकीय अधिकृत

"कृषि पर्यटन रोजगारीको बढाउँदै गति,शान्त, सुन्दर, समून्नत बनाऔँ ऐरावती"

airawatirm@gmail.com web: www.airawatimun.gov.np ९८५७८३३०२३